अनुसूची-२

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्वन्धित)

# हंसपुर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ संख्या : ३ मिति : २०७९/०३/२५

भाग-१

हंसपुर नगरपालिका

## विनियोजन ऐन- २०७९

आज्ञाले,

केशव कुमार अधिकारी

प्रमुख प्रशासकीय अधिकृत

# हंसपुर नगरपालिकाको विनियोजन ऐन, २०७९

हंसपुर नगरपालिका आर्थिक बर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मिति : २०७९/०३/२० गते

प्रस्तावना :

हंसपुर नगरपालिका २०७९/०८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम हंसपुर नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "हंसपुर नगरपालिकाको विनियोजन ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०७९/०८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :**

(१) आर्थिक वर्ष २०७९/०८० को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.......................... (अक्षरेपी)...................................... रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजन :**

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९/०८० को निमित्त हंसपुर नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।



आ-१

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा र कम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एकं स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) यंसै ऐन बमोजिमहुने : वार्षिक निती कार्यक्रम (वजेट) मा भएका घोषणामा उल्लेखित रकम र प्रस्तुत विनियोजन ऐनमा उल्लेखित रकमको सिलिङ्ग र अनुपात फरक पर्न गएमा यसै ऐनमा विनियोजन भए बमोजिम हुनेछ।



आ.-f